बैठक संख्या -५७

आज मिति २०७९।०३।०८ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधबप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसि देहायका निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री माधवप्रसाद अर्याल | अध्यक्ष |
| श्री चमेली गुरुङ | उपाध्यक्ष |
| श्री मार सिङ तामाङ | वडा अध्यक्ष |
| श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष |
| श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष |
| श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष |
| श्री यम नाम आचार्य | वडा अध्यक्ष |
| श्री बुटी तामाङ | सदस्य |
| श्री ज्ञानु विश्वकर्मा | सदस्य |
| श्री शान्ती माया तामाङ | सदस्य |
| श्री पुलती विश्वकर्मा | सदस्य |
| श्री पुर्ण बहादुर घले | सदस्य |
| श्री राम बहादुर विश्वकर्मा | सदस्य |
| श्री नेत्रमणी न्यौपाने | सदस्य सचिव |

## निर्णयहरु

**निर्णय नं. १** यस गाउँपालिका वडा नं. २ बस्ने श्री जित बहादुर तमाङ र श्री साइला तामाङले 'घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र पाउँ भनी निवेदन पेश गरेकोमा घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र जाँचबुझ तथा सिफारिस समितिको सिफारिसको आधारमा श्री जित बहादुर तमाङ प्रोप्राइटर रहेको आलिसा कन्स्ट्रक्सन प्रा.लि., र श्री साइला तमाङ प्रोप्राइटर रहेको श्री योना कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि लाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने निर्णय गरियो ।

**निर्णय नं. २** यस उत्तरगया गाउँ कार्यपालिकाको ५६ औं बैठकको बस्ती स्तरमा गई प्राथमिकताका आधारमा योजाना छनोट गरी ७ दिन भित्र प्रत्येक साविकको वडाबाट बढिमा ३ वटा योजना वडा समितिबाट निर्णय गराई आगामी बैठकमा पेश गर्ने निर्णय भए बमोजिम वडा समितिको बैठकबाट पारित भई आएका योजना उपर व्यापक छलफल गरियो । उक्त छलफलबाट बजेटको परिधिभित्र रहेर योजना प्राथमिकिकरण गरी सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** यस उत्तरगया गाउँपालिकाको आ.ब २०७९।०८० को बार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माण तथा स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणालीमा (सुत्र) प्रविष्टि गर्ने कार्यमा कार्यालय समय भित्र र कार्यालय समय बाहिर खटिएर प्रत्यक्ष संलग्न हुने प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, कम्प्युटर अपरेटर, र सूचना तथा प्रविधि अधिकृतलाई खाईपाई आएको १ महिनाको तलब बराबरको सुविधा र गाउँपालिका उपाध्यक्षलाई बजेट बाचन गरे वापत प्रदेश कानून बमोजिम नियमानुसार पाउने एक महिना बराबरको हुन आउने सुविधा बराबरको रकम कन्टेन्जेन्सीबाट खर्च हुने गरि उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६५ अनुसार गाउँपालिका राजस्व सम्बन्धी परामर्शको लागी उपदफा (१) (ग) बमोजिम कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य मध्येबाट एक जना महिला सहित २ जना सदस्य तोके अनुसार देहायका कार्यपालिका सदस्यहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| क. चमेली गुरुङ्ग | संयोजक |
| ख. यम नाथ आचार्य | सदस्य |
| ख. बुटि तामाङ | सदस्य |

**निर्णय नं. ५** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६६ मा व्यवस्था भए अनुसार श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका लागी उपदफा (१) को (ग) मा व्यवस्था भए अनुसार कार्यपालिकाका सदस्यहरु मध्ये महिला, दलित, अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरि अध्यक्षले

तोकेका देहायका ४ जना सदस्य हुने व्यवस्था भएकोले अध्यक्षबाट तोकेको पत्र प्राप्त भएकोले सोही अनुसार जानकारी गराउंने निर्णय गरियो ।

तपसिल

क. मारसिङ तामाङ

ख. अमर बुलुन

ग. यमनाथ आचार्य

घ. पुतली वि.क

**निर्णय नं.** ६ आ.ब ०७६।०७७ मा नीलकण्ठ मा.वि नमुना विद्यालयको रुपमा छनौट भई आ.ब ०७७।०७८ मा बजेट प्राप्त भए पश्चात नमुना विद्यालय गुरुयोजना निर्माण र स्वीकृत भई सकेकोमा प्राथमिकता क्रममा दोश्रो बर्षमा प्रस्तावित गरिएको ९ कोठे (३ ढलान युक्त) कक्षाकोठा हाल आवश्यकता पहिचान हुँदा र शिक्षा तथा मानब श्रोत विकास केन्द्रको मिति २०७९ बैशाख १५ च.नं. ६६५ को पत्रको तपसिलको बुँदा नं. ३ अनुसार मिल्ने भएकोले उक्त कार्यक्रम पहिलो बर्षमा (आ.ब ०७८।०७९ मा गर्नुपर्ने भएकोले र उक्त कार्यक्रमको टेण्डर स्वीकृत भई कार्य अगाडी बढेको हुँदा उक्त कार्यक्रम आ.ब २०७८।०७९ मा नै गर्ने गरी संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ७ यस गाउँपालिकामा आँखा केन्द्र स्थापना गर्न तिलगंगा आँखा प्रतिष्ठान, गौशाला काठमाडौंले १ बर्षको लागि २ जना कर्मचारी उपलब्ध गराउने गरि सहयोग र आँखा केन्द्रको लागि आवश्यक पर्ने औजार उपकरणहरु गाउँपालिका कार्यालयले नै व्यवस्था गर्ने गरि तिलगंगा आँखा प्रतिष्ठानलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं.** ८ राजस्व परामर्श समितिबाट पेश भएका करका दरहरुलाई अनुमोदन गर्न गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ९ २०७८।०७९ को लागि एम्बुलेन्स सञ्चालनको लागि अपुग रु. १ लाख ५० हजार रुपैयाँ गाउँपालिका विपद् व्यवस्थापन कोषबाट एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कोषमा रकम जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं.** १० सडक गुरुयोजना र क्षमता विकास योजनालाई स्विकृतिको गरि अनुमोदनको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।